# देवचुली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी (बर्दघाट, सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

☎ : ०७८-५७५०१०
इमेल: devchulimunicipality@gmail.com


प.स.: ०७९/०८०

च.न.:

मिति : २०७९/०५/१३

**विषय : लेखा परीक्षकको आशयपत्र पेश गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।**

प्रस्तुत विषयमा देवचुली नगरपालिकाको नगर शिक्षा समितिको मिति २०७९/०५/१३ गतेको निर्णयानुसार यस नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरु, सामुदायिक सिकाइ केन्द्र लगायत यस कार्यालयबाट अनुदान प्राप्त गर्ने संघ संस्थाहरुको आ.व. २०७८/०७९ को लेखा परीक्षण गर्ने प्रयोजनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा २ ज, २१ को अधिकार प्रयोग गरी लेखा परीक्षकको सूचिकृतको लागि यो सूचना प्रकाशित गरिएको छ । लेखा परीक्षण गर्न इच्छुक व्यक्ति वा संस्थाले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिलमा उल्लेखित कागजात संलग्न गरी यस कार्यालयको शिक्षा, यूवा तथा खेलकुद विकास शाखामा आशयपत्र पेश गर्नुहुन अनुरोध छ ।

**तपसिल**

- नेपाल चार्टर एकाउन्टेन्ट संस्था (ICAN) मा आबद्धताको प्रमाण ।
- आ.व. २०७९/०८० सम्म नविकरण गरेको लेखा परीक्षण इजाजत पत्रको प्रतिलिपि ।
- आ.व. २०७८/०७९ सम्मको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
- प्यानमा दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
- गत वर्ष यस नगरपालिका अन्तरगतका विद्यालय, सामुदायिक सिकाइ केन्द्र तथा संघ संस्थामा लेखा परीक्षण गरेको भए सो को प्रतिवेदन पेश गरेको हुनुपर्नेछ ।

२०७९/०५/१३
.........................
(राम प्रसाद शर्मा)
नगर शिक्षा प्रमुख

Scanned with CamScanner